चुलाचुली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अनुसूची २

चुलाचुली गाउँपालिकाको

## राजपत्र

गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड,१ संख्या ६, प्रकाशित मिति २०७५/१२/१०

### भाग-२

चुलाचुली गाउँपालिकाको

# बिपन्नता पहिचान कार्यविधि -२०७५

आज्ञाले,
काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

चुलाचुली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चुलाचुली गाउँपालिकाको

## बिपन्नता पहिचान कार्यविधि -२०७५

**स्वीकृत मिति : -२०७५/१२/०१**

**चुलाचुली गाउँपालिका**

इलाम जिल्ला, १ नं. प्रदेश,

नेपाल।

# चुलाचुली गाउँपालिकाको
# बिपन्नता पहिचान कार्यविधि -२०७५

**प्रस्तावना :**
नेपालको संविधानमा उल्लेख गरीएको मौलिक हक प्रचलन गर्नु राज्यको दायित्व भएको, नेपालको संविधानद्धारा स्थानीय तहलाई प्राप्त व्यवस्थापकिय र कार्यपालिकीय अधिकार अर्न्तगत स्थानीय क्षेत्रका विपन्न तथा बेरोजगार नागरिकहरुको पहिचान गरी तिनीहरुको व्यवस्थापन गर्न वान्छनीय भएकाले नेपालको संबिधानको धारा २२१ त्था स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी चुलाचुली गाउँ कार्यपालिकाल यो बिपन्नता पहिचान कार्यविधि -२०७५ पारित गरी लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भीक

१) **संक्षिप्त नाम र प्रारम्भ :** यस कार्यविधिको नाम बिपन्नता पहिचान कार्यविधि -२०७५ रहनेछ ।

२) यो कार्यविधि चुलाचुली गाउपालिकाको राजपत्रमा प्रकासन भएको मितिवाट लागू हुनेछ ।

३) **परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

१. "विपन्न" भन्नाले आ˜नो आर्थिक अवस्था कमजोर भएको, न्यूनतम क्यालोरी पूरा हुने गरी खान नपूग्ने, नियमित स्थायी आम्दानीको श्रोत नभएको, आ˜नो आम्दानीले पर्याप्त खान, लाउन, बस्न शिक्षा, स्वास्थ्य, उपचार गराउन नपुग्ने परिवारलाई जनाउछ ।

२. "वेरोजगार" भन्नाले: दक्ष सिप भएको हातमा प्रमाण पत्र भई काम नपाएको व्यक्तिलाई जनाउने छ ।

## परिच्छेद २

४. **बिपन्नता पहिचानको आधारहरु:** (१) सामान्यतया विपन्नता पहिचानका आधारहरु देहाय बमोजिम हुनेछ :

(क) आफ्नो नियिमित आम्दानीको श्रोत नभएको ,

(ख) आफ्नो आम्दानीले आफू र आफ्नो परिवारमा सन्तुलित भोजन ग्रहण गर्न नपुग्ने भएको ,

(ग) आफनो घर बास नभएको वा भएपनि सामान्य र पर्याप्त नभएको,

(घ) हातमा सिप र क्षमता नभएको ,

(ङ) शिक्षामा पहुाच नभएको , सामान्य लेखपढ भएको वा औपचारिक शिक्षा हासील गरे पनि दफा ५ बमोजिमको बर्गीकरण भित्र परी बेरोजगार भएको ,

(च) प्रकोप वा उपचारका कारणबाट सम्पति सकिएको व्यक्ति वा परिवार भएको ।

(छ) अन्य उपयूक्त आधारहरु नभएको ।

**५ बिपन्नताको श्रेणी** : बिपन्नताको श्रेणी तपशिलको बमोजिम हुनेछ :

१) श्रेणी क : निम्न मध्यम बर्गीय विपन्न परिवार

क) मासिक आम्दानी ७ देखि १० हजार सम्म नियमित भएको र परिवार संख्या ३ देखि ५ जनाको परिवार भएको ,

ख) आफ्नो घरधुरी नम्वरी वा ऐलानीमा भई सामान्य प्रकारको सेन्टर बेरा वा सामान्य काठको प्रयोग गरी टिनको छानो वा खर (फुस) को छानो भएको, घर सहित सामान्य शौचालय भएको,

ग) ज्ञान सिप भएको तर रोजगार नभएको

घ) खर्चिलो औषधी नियमित सेवन गर्नुपर्ने सदस्य भएको परिवार

२) श्रेणी ख: निम्नबर्गीय विपन्न परिवार

क) परिवारको मासिक आम्दानी ७०००।- सात हजार सम्म भई १ देखि ५ जनाको परिवार भएको,

ख) पर्याप्त खान लाउन नपुग्ने परिवार ,

ग) बालबच्चालाई शिक्षा दिन नसक्ने परिवार,

घ) आफनो बसोवास भएपनि सामान्य अवस्थामा भएको ,

३) श्रेणी ग :विपन्न परिवार

क) परिवारको मासिक आम्दानी ५०००। पााच हजार सम्म भएको

ख) परिवारमा दूई छाक पेटभरी खान र न्यूनतम क्यालोरी पुरा गर्न नसक्ने परिवार,

ग) हातमा सिप नभएको वा परिवारमा १ जनापनि १२ कक्षा उतिर्ण नगरेको

४) श्रेणी घ : अतिविपन्न परिवार माथि दफा ५ को ३ नं.को अवस्था समेत नभएको परिवार

## परिच्छेद ३

## विपन्न पहिचान कार्य विधि एवं समिति सम्बन्धी व्यवस्था

**६. गाउपालिकाको बिपन्न र वेरोजगार पहिचान सम्बन्धी समिति:** (१) बिपन्न पहिचान गर्न अनुसूची १ अनुसारको ढाचामा फारम भरिने छ ।

(२) यसरी तोकिएको ढाचाको फारम भरेको व्यक्ति, परिवारको यर्थात वस्तुगत विवरण एकिन गर्न देहाय बमोजिमको समिति गठन गरिने छ ,

| | |
|---|---|
| .क) गाउा पालिकाको विषयगत संयोजक | संयोजक: |
| ख) गाउा कार्यपालिकाले तोकेको कार्यपालिकाको महिला सदस्य सहित अन्य सदस्य समेत ३ जना | सदस्य |
| ग) गाउापालिकाको विषयगत शाखा प्रमुख | सदस्य सचिव |

**तर सबै वडाका वडाको अध्यक्षहरु आमनत्रित सदस्य हुनेछन**

३) समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ :

क) वडागत रुपमा आएको विवरण अनुसार बिपन्न परिवार पहिचान तथा छानबिन गर्ने ,

ख) बिपन्न पहिचान अभिलेख व्यवस्थित गर्ने,

ग) बिपन्न पहिचानको साथै तिनको व्यवस्थापन र रोजगारको योजना बनाई गाउापालिकामा सुझाव पेश गर्ने ,

घ) संयोजकले समितिको त्रैमासिक, अर्धवार्षिक र वार्षिक कार्यको प्रतिवेदन गाउापालिका अध्यक्ष समक्ष पेश गर्ने ,

ङ) बिपन्न र बेरोजगारको श्रेणी निर्धारण गरी गाउापालिका अध्यक्ष समक्ष पेश गर्ने ,

**७. गाउापालिकाको प्रत्येक वडामा वडा अध्यक्षको संयोजकत्वमा वडाको निम्न अनुसारको बिपन्न र वेरोजगार पहिचान सम्बन्धी वडा समिति हुनेछ :**

| | |
|---|---|
| १. क) वडा अध्यक्ष | संयोजक: |
| ख) वडा कार्य समितिका सबै सदस्यहरु | सदस्य |
| ग) वडाको सचिव | सदस्य सचिव |

वडाका प्रमूख राष्ट्यि राजनितिक दलका एक एक जना प्रमुख नेता वा प्रतिनिधी आमनत्रित सदस्य हुनेछन

२) वडा समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ :

क) आफ्ना वडामा भएका बिपन्न परिवार र वेरोजगारी व्यक्ति पहिचान तथा छानबिन गर्ने ,

ख) बिपन्न पहिचान अभिलेख व्यवस्थित गर्ने,

ग) बिपन्न पहिचानको साथै तिनको व्यवस्थापन र रोजगारको लागी योजना बनाई प्रतिवेदन सहित गाउापालिकाको बिपन्न र वेरोजगार पहिचान सम्बन्धी समितिमा पेश गर्ने ,

घ). बिपन्न तथा वेरोजगार सर्भेक्षण : बिपन्न तथा वेरोजगार छनौटका लागी अनुसूची २ मा उल्लेख भएको विवरण स्वयम व्यक्ति वा घरमुलीले आफै वा कर्मचारीको सहयोगमा भर्नु पर्नेछ । सो कार्यका लागि वडा समितिले गाउापालिकाको बिपन्न र वेरोजगार पहिचान सम्बन्धी समितिको सहयोग आवश्यक भएमा गाउापालिकाको समितिले वडा समितिलाई सहयोग पुर्‍याउनु पर्नेछ ।

## परिच्छेद : ४

### छनौट र प्रमाणीकरण

८. **विपन्न तथा वेरोजगार छनौट तथा प्रमाणीकरण:** १) विपन्न तथा वेरोजगारको प्रमाणीकरण प्रमुख प्रशासकीय अधिकृतले गर्नेछन । प्रमाणीकरण गरिएको अभिलेख प्रशासकीय अधिकृतले गाउापालिकाको अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

२) उपदफा १ बमोजिम प्रमाणित भएको विपन्न तथा वेरोजगारको प्रमाणपत्र तोकिए बमोजिमको ढाचामा रजिष्टरमा रेकर्ड राखी प्रमूख प्रशासकीय अधिकृतले अनुसुची ३ बमोजिमको प्रमाणपत्र तथा परिचय पत्रमा प्रमाणित गर्नु पर्नेछ ।

३) परिचय तथा प्रमाण पत्रको झूठा विवरण दिई लिएको ठहर भएमा प्रमाणपत्र दिने अधिकारीले त्यस्तो परिचय तथा प्रमाणपत्र रद्द गर्न सक्नेछन । यसरी रद्द गरिएको परिचय तथा प्रमाण पत्र रद्द गर्नु परेको कारण सहित प्रमाणपत्र दिने अधिकारीले गाउापालिकाको अध्यक्ष समक्ष जाहेर गरी त्यस्तो रद्द गरिएको परिचयपत्र गाउापालिकाको राजपत्रमा प्रकाशन गरिनेछ ।

४) प्रमाण तथा परिचय पत्रको मान्यता अवधि ४ बर्षको हुनेछ । प्रत्येक ४ बर्षमा पून अध्यावधिक गर्नु पर्नेछ ।

५) विपन्न र वेरोजगार पहिचानको प्रमाण पत्र र परिचय पत्रको रंग र किसिम अनुसूची ३ मा व्यवस्था भए अनुसार हुनेछ ।

## परिच्छेद- ५

### सेवा सुविधा

९. **प्रमाण पत्र प्रदान:** १) सामान्यता विपन्न र बेरोजगार प्रमाणपत्र प्रदान गरिएको व्यक्तिका परिवारलाई तपशिल बमोजिमको सेवा सूविधा प्रदान गरिनेछ ।

क. स्वरोजगार सम्बन्धी तालिम प्रदान,

ख. राशन कार्डको सूविधा (दाल, चामल, तेल, पिठो, चिनी, गेडागुडी, नून, सावुन,)

ग. स्वास्थ्य बिमामा तिर्नु पर्ने रकम श्रेणी अनुसार २५ देखि ५० प्रतिशत अनुदान साथै अन्य अस्पतालमा पनि सहुलियत दरमा उपचार गराउने ,

घ. रोजगारको लागि प्रदेश तथा संघमा पहल तथा सहजिकरण,

ङ. कम्तीमा एक आ.व.मा १० जनालाई प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गराउने,

च. व्यक्तिगत सिप र क्षमता बिकास तालिम गराउने,

छ. गाउापालिकाबाट लिईने सिफारीस निःशुल्क गर्ने,

ज. बैदेशिक रोजगारमा जान इच्छुक भए समुहगत रुपमा निशुल्क तालिमको व्यवस्था गर्ने

१०. लागू हुने अवधिः सेवा सुविधाका सम्वन्धमा कार्यपालिकाले आवश्यक निर्णय गर्दै जानेछ ।

११. विपन्न व्यक्ति वा परिवारलाई गाउापालिकाले परिचय पत्र उपलब्ध गराउने छ ।

अनुसूची १
परिच्छेद ७ को ४ साग सम्बन्धित
विपन्न सर्वेक्षण फाराम

घर मुलीको नाम:

**१. पारिवारिक विवरण**

| क्र. सं. | नाम र थर | ठेगाना | जन्म मिति | नाता | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |

**२. पारीवारिक अवस्था:**

| क्र. सं. | घर | किसिम | शौचालय | विद्युत | इन्धन प्रयोग | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

**३. जग्गा जमिन: क्षेत्रफल:**

किसिम: नम्बरी/ऐलानी भिटा/खेती योग्य:

**४. आम्दानीको स्रोत:**

क. मुख्य श्रोत: ख. सहाय अन्य: ग. नियमित/ अनियमित

**५. खर्च: मुख्य खर्च हुने**

१. २

३. ४

**६. तीन पुस्ते विवरण**

नाम:
चुलाचुली बसाई आएको मिति:
ठेगाना
बाबुको नाम:
वाजेको नाम:
हालको ठेगाना:
पूर्व ठेगाना:
के पेशा गर्नु हुन्थ्यो ?

अनुसुची-२

(परिच्छेद ४ को दफा ७ संग सम्बन्धित)

वेरोजगार पहिचान सर्वे फारम

**नाम, थर :**

**जन्म स्थान:**

**स्थाई ठेगाना:**

**अस्थाई ठेगाना:** **जन्म मिति:**

**शिक्षा:**

**बाबुको नाम:** **शिक्षा:** **पेशा:**

**आमाको नाम:** **शिक्षा:** **पेशा:**

**वेरोजगार हुनुको कारणहरु:**

१. काम नै नखोजेर

२. नजिकमा काम नपाएर

३. काम गर्ने सिप नभएर

४. अनुभवको कमिले

५. गर्दै गरेको काम छाडेर

६. प्रकोप (वाडी पहिरो आदी) को कारणले

**सुधार गर्नु पर्ने कुराहरु:**

१. तास जुवा खेल्नु हुन्छ ?

२. जाड रक्सी वा मध्यपान गर्नु हुन्छ ?

३. लागु औषध सेवन गर्नु हुन्छ ?

४. कुनै रोगी हुनुहुन्छ ?

५. रोग निवारणको लागि औषधि सेवन गरिरहनु भएको छ ?

६. तपाईको समस्या के हो ?

अनुसूची ३

परिच्छेद ५ को ११ साग सम्बन्धित

**विपन्न परिचय पत्र**

फोटो

अतिविपन्न संकट ग्रस्त परिवार

परिचय पत्रको रंग रातो

**परिचय पत्र विवरण**

नाम, थर:
ठेगाना: शिक्षा:
परिवार संख्या:
विपन्नताको श्रेणी: (घ)
मान्य अवधि
प्रमाणित गर्ने
दस्तखत
नाम, थर:
पद
जारी मिति:

प्रमाण पत्र र परिचय पत्र वितरण गर्दा श्रेणी छुट्याई उपलब्ध गराउनु पर्नेछ ।
श्रेणी (ग)
विपन्न वर्ग रातो र पहेलो मिश्रित
श्रेणी (ख)
निम्न वर्गीय विपन्न परिवार
रंग पहेलो+सेतो मिश्रित
श्रेणी (क)
सामान्य विपन्न वर्ग श्रेणी
रंग हरियो+सेतो मिश्रित

आज्ञाले

.................................

प्रमुख प्रशासकीय अधिकृत